# भगवतीमाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पगनाथ, दैलेख
## कर्णाली प्रदेश नेपाल
### पुनः शिलबन्दी दरभाउपत्र आव्हानको सूचना
### (दोस्रो पटक प्रकाशित मिति :- २०७७/०९/०८

भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पगनाथ,दैलेख कर्णाली प्रदेश,नेपाल

यस कार्यालयको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार वडा कार्यालयहरुको लागि आवश्यक कम्प्युटर, प्रिन्टर र स्क्यानर खरिद कार्य शिलवन्दी दरभाउपत्रका माध्यमबाट गर्नका मिति २०७७/०८/२१ गते प्रकाशित सूचना बमोजिम तोकिएको म्यादभित्र ३ (तिन) वटा शिलवन्दी दरभाउपत्र पेश भएकोमा पेश भएका दरभाउपत्रहरु मध्ये एउटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही नभई मूल्यांकन समितिको निर्णयानुसार दरभाउपत्र अस्वीकृत भएको जानकारी गराउँदै इजाजतपत्र प्राप्त ईच्छुक फर्म वा सप्लायर्सहरुबाट तोकिएको शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र पुनः आह्वान गरिन्छ ।

१. दरभाउ पत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (२०७७/०९/०२२ गते) भित्र कार्यालय समयमा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७५।७६ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व इकाईमा नगदै बुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. खरिद भएका दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७७/०९/२३ गते) को १२.०० बजे भित्र सिलबन्दी खाममा लाहाछाप गरी विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ :०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।

३. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम प्रभु बैंक भगवतीमाई शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग ३.१ १५१०१०९३२८८०००४१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारबाही हुने छैन ।

५. दरभाउपत्रदाताबाट दरभाउ पत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

६. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यस उल्लेख नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहित र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।

८. अन्य कुरा बझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

| ठेक्का नम्बर | कामको विवरण | लगत अनुमान रु. (मू.अ. कर बाहेक) | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| BRM/SQ/GOODS / 09/2077/078 | वडा कार्यालयहरुको लागि कम्प्युटर, प्रिन्टर र स्क्यानर खरिद कार्य | ६४७५००। | १८५००। | १०००। | |

प्रमुख प्रशासकीय अधिकृत